**लक्ष्मी बैंक लिमिटेडको**
**बाइसौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूको सभापतित्वमा बैंकको बाइसौं वार्षिक साधारणसभा मिति २०७८/०९/२८ गते (तदनुसार जनवरी १२, २०२३) बिहीबार बिहान ११:०० बजे देखि ११:४५ बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

**१. उपस्थितिः**

**(क) सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री रमण नेपाल | अध्यक्ष |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | डा. मनिष थापा | सञ्चालक |
| ४) | श्रीमति स्वाति रुंगटा | सञ्चालक |

**(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री अजय विक्रम शाह | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री सुमेद भट्टराई | उप प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवल राई | प्रमुख जोखिम अधिकृत |
| ४) | श्री जिवन प्रकाश लिम्बु | प्रमुख प्रविधि अधिकृत |
| ५) | श्री राजिव सापकोटा | प्रमुख - संस्थागत बैंकिंग तथा व्यवसाय विकास |
| ६) | श्री अमित सिंह कार्की | प्रमुख - पूर्वाधार तथा प्रोजेक्ट |
| ७) | श्री दिपेश अमात्य | प्रमुख - रिटेल फाइनान्सियल सर्भिस |
| ८) | श्री पियूष राज अर्याल | कम्पनी सचिव/प्रमुख वित्तीय अधिकृत |
| ९) | श्री मनिष राज कुँवर | प्रमुख - कर्पोरेट बैंकिंग |
| १०) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |
| ११) | श्री अभय राज शर्मा | प्रमुख - जोखिम नियन्त्रण इकाई |
| १२) | श्री मनोहर राज उप्रेती | प्रमुख सञ्चालन अधिकृत |
| १३) | श्री सुमन प्रसाद गेलाल | प्रमुख - कार्ड तथा डिजिटल च्यानल सञ्चालन |
| १४) | श्रीमति अनिता उपाध्याय | प्रमुख - अनुपालना |
| १५) | श्री शशी सत्याल | वाह्य लेखापरीक्षक |

**(ग) सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्रीमति सविता पौडेल | प्रतिनिधी - श्री नागरिक लगानी कोष |

**(घ) शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | २३८ | जना |
| | (क) शेयरधनी स्वयंबाट | २३८ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ० | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ७,०९,४४,७६६ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ६१.४२ | प्रतिशत |

**(ङ)** यो सभाको मिति सम्ममा कायम रहेका ५३,६२८ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरुः**

**(क) सामान्य प्रस्ताव**

(१) बाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव**

(१) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

**(ग) विविध**

**३. सूचना प्रकाशन :**

सञ्चालक समितिको मिति २०७९ साल पौष ६ गते बुधबार तदनुसार २१ डिसेम्बर २०२२ मा बसेको २६४औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको बाइसौं वार्षिक साधारण सभा मिति २०७९/०९/२८ गते बिहीबार तदनुसार जनवरी १२, २०२३ मा वस्ने सूचना तथा बैंकको बाइसौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७९ पौष ८ गतेको सौर्य राष्ट्रिय दैनिक, पौष १४ गतेको आर्थिक अभियान दैनिक र पौष २६ गतेको नयाँ पत्रिका दैनिकमा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ५३,६२८ | २३८ | ० | २३८ | ०.४४% |
| शेयर संख्या | ११,५५,१३,४५०.५१ | ७,०९,४४,७६६ | ० | ७,०९,४४,७६६ | ६१.४२% |

५. **सभाको बैधानिकता तथा सभापतित्वः**

सभाको सुरुवात गर्दै कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो । त्यसपश्चात सभापतिको अनुमति लिई साधारण सभा अगाडी बढाउँदै उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो ।

६. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

सभाको छलफलका विषयमा प्रवेश गर्दै कम्पनी सचिवले समान्य प्रस्ताव (१) बमोजिम बाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

वार्षिक प्रतिवेदनमा समावेश सञ्चालक समितिको प्रतिवेदन बाहेक अध्यक्ष श्री रमण नेपालले बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा बैंकको पूँजीलाई थप बलियो बनाउँदै व्यवसाय तथा ग्राहक सेवालाई अझ विस्तार गर्ने उद्देश्यसहित बैंकले सनराइज बैंक लिमिटेड सँग गाभ्ने गाभिने सम्बन्धी प्रारम्भिक समझदारी गरेको जानकारी गराउनुभयो । नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि सम्पत्तिको मूल्यांकन लगायत मर्जर सम्बन्धी अन्य कार्यहरु अगाडि बढाइने तथा यस सम्बन्धमा भएका प्रगति शेयरधनी महानुभावहरुलाई क्रमशः जानकारी गराउने व्यहोरा समेत अध्यक्षज्यूले जानकारी गराउनुभयो ।

तत्पश्चात कम्पनी सचिवले सभा समक्ष सामान्य प्रस्ताव (१) बमोजिम सञ्चालक समितिको प्रतिवेदन तथा सामान्य प्रस्ताव (२) बमोजिम लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) मा सल्लाह, सुझाव वा गुनासाहरु भए प्रस्तुत गर्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | श्री उद्धव प्रसाद घिमिरे | | | २. | श्री अशोक नाथ उप्रेति |
| ३. | श्री व्यास कुमार शर्मा | | | ४. | श्री शोभराज बराल |
| ५. | श्री गोगन ब. पराजुली | | | ६. | श्री सिर्जना तिमिल्सिना |
| ७. | श्री दिवाकर खड्का (लिखित सुझाव प्राप्त) | | | ८. | श्री गुणराज भट्ट (लिखित सुझाव प्राप्त) |
| ९. | श्री सुदिप श्रेष्ठ (लिखित सुझाव प्राप्त) | | | | |

**८. शेयरधनी महानुभाबहरुले निम्न बमोजिम राय, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो :**

१. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वासलातको वृद्धि सकारात्मक छन् । यो वृद्धिलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्‍यो ।

२. यस वर्ष लाभांश प्रदान नगर्नु निराशाजनक छ । यद्यपि सञ्चित कोष बलियो बनाउने बैंकको उद्देश्य सकारात्मक छ । आगामी वर्ष उत्कृष्ट प्रतिफलको अपेक्षा गरेका छौं ।

३. पछिल्लो समय समाचारमा आएको बैंकको मर्जरसम्बन्धमा आवश्यक जानकारी गराइयोस् । समग्र शेयरधनीको हितलाई ध्यानमा राखेर मात्र मर्जरसम्बन्धी कार्य अगाडि बढाइयोस् ।

४. निष्कृय कर्जा नियन्त्रण गर्ने तथा अपलेखन गरिएका कर्जा असुली गर्ने तर्फ ध्यान दिनुपर्‍यो ।

५. कृषि, साना तथा मझौला उद्योगजस्ता कूल ग्राहस्थ उत्पादनमा प्रत्यक्ष योगदान पुर्‍याउने क्षेत्रमा ऋण लगानी विस्तार गर्नुपर्‍यो ।

६. लक्षित वर्गको आर्थिक उत्थानमा योगदान पुग्ने गरी सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्‍यो ।

७. समाजमा दिगो प्रभाव पार्ने गरी संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्नुपर्‍यो ।

८. बैंकले सूचनाको हक ऐनअन्तर्गत छिटो तथा दुरुस्त सुचना प्रदान गर्दै आएको छ । यसलाई निरन्तरता दिइयोस् ।

९. शेयरधनीले बुझिलिन बाँकी लाभांश सम्बन्धित शेयरधनीको खातामा जम्म गर्न कदम चालियोस् ।

१०. बैंकले डिजिटल बैंकिंगका आधुनिक प्रविधि अपनाई ग्राहकहरुलाई सहज सुविधा दिँदै आएकोमा धन्यवाद व्यक्त गर्दछौं ।

११. बैंकले आगामी वर्षहरुमा दशैं-तिहार लगत्तै साधारण सभा सम्पन्न गर्न प्रयास गरोस् ।

**९. शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको राय, सुझाव तथा जिज्ञासावारेमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम प्रतिक्रिया दिनु भयो**

बैंकको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदनप्रति आदरणीय शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको सल्लाह, सुझाव तथा रचनात्मक प्रतिक्रियाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहाँहरुबाट प्राप्त उपयुक्त सल्लाह तथा सुझावहरुलाई मनन गर्दै व्यवहारिक रुपमा सम्भव भएसम्म लागू गर्ने प्रतिबद्धता गर्दछु ।

यहाँहरुको निरन्तर सहयोग तथा मार्गदर्शनकै कारण हामी देशभर तथा विदेशमा समेत रहेका नेपाली जनता, समुदाय तथा व्यवसायहरुको विश्वास जित्दै विकासशील नेपालको अभियानमा सामेल हुने लक्ष्यमा अग्रसर रहेका छौं । भविष्यमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा गर्दछु ।

## १०. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः

### (क) सामान्य प्रस्तावः

(१) बाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको बाइसौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि हालकै लेखापरिक्षण शुल्क रु ११,००,००० (रुपैंया एघार लाख मात्र) (मूल्य अभिवृद्धि करबाहेक) हुने गरी वर्तमान लेखापरिक्षक श्री पि.के.एफ. टि.आर. उपाध्याय एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट लाई नियुक्त गर्ने र यसबाहेक लेखापरिक्षणका क्रममा लाग्ने खर्चका लागि रु ५,५०,००० (रुपैंया पाँच लाख पचास हजार मात्र) (मूल्य अभिवृद्धि करबाहेक) भत्ताको व्यवस्था गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

### (ख) विशेष प्रस्ताव

(१) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने :

लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(ग) **विविध**

विविध तर्फ कुनै पनि प्रस्ताव नरहेकाले सभा समापनको घोषणा गरिदिनुहुन कम्पनी सचिवले सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष रमण नेपालज्यूलाई अनुरोध गर्नुभयो ।

**११. धन्यवाद ज्ञापनः**

सभापतिज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिंदै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

.........................
पियूष राज अर्याल
कम्पनी सचिव

.........................
रमण नेपाल
सभापति/ सञ्चालक समितिका अध्यक्ष

मितिः २०७९/०९/२८